सूचना

गणतन्त्रको उपलब्धि संस्थागत गरौँ
'समृद्ध नेपाल, सुखी नेपाली'को
लक्ष्य साकार पारौँ

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



सुनचाँदीको कारोबारमा सुधार



पृष्ठ ३ मा



वर्ष–१२ ।। अङ्क : १९६ ॥ २०७७ कार्तिक २९ गते शनिबार (14th Oct. 2020, Saturday) **Pratidin** National Daily मूल्य–रु.५/–


# कृत्रिम मालामा पनि भारतकै भर
## यस वर्ष आयात घट्यो

***बिर्तामोड (प्रस)।*** गत आर्थिक वर्ष झापाको बिर्तामोड नगरपालिकाले नगरभित्रका महिलालाई कृत्रिम फूलमाला बनाउने तालिम दियो । नगरपालिकाले दिएको तालिममा सबै वडाका महिलाको प्रतिनिधित्व थियो । काठमाडौँबाट प्रशिक्षक ल्याएर लाखौँ रुपैयाँ खर्चेर तालिम दिएपनि महिलाहरुले फूल बनाएर बजारमा ल्याउन भने सकेनन् । नगरपालिकाले कृत्रिम फूलको माला बनाउने तालिम दिएपनि बजारमा भने भारतीय कृत्रिम माला मात्र छ। कृत्रिम माला बनाउन आवश्यक कच्चा पदार्थ महँगो पर्ने भएपछि माला बनाउन नसकेको बिर्तामोड नगरपालिका -८ की वडा सदस्य लक्ष्मी दर्नालले बताइन् । "हामीले टोल समिति मार्फत् तालिम दिएका थियौँ" दर्नालले भनिन्, "२ लाख रुपैयाँ लगानीमा वडाका ३० जना महिलालाई तालिम दिएका थियौँ ।" तालिम लिएका महिलाहरुले बनाएको फूल २-४ पटक हामीले वडाकै कार्यक्रममा प्रयोगसमेत गऱ्यौं । त्यसपश्चात लागत मूल्य धेरै पर्ने भएपछि बनाउन नसकेको दर्नाल बताउँछिन् । बिर्तामोड ३ की गायत्रा भट्टराईले पनि नगरपालिकाले दिएको तालिम लिइन् । भट्टराई वडा कार्यालयले दिएको तालिममा प्रशिक्षकसमेत भइन् । माला बनाउन समय लाग्ने



र कम मूल्यमा बिक्री गर्नुपर्ने भएकै कारण महिलाहरुले माला बनाउने पेशालाई निरन्तरता दिन नसकेको भट्टराईले बताइन् । माला बनाउन आवश्यक कच्चा पदार्थ लिन विराटनगरसम्म पुग्नु परेको भट्टराईको भनाइ छ। केही महिलाहरुले घरायसी प्रयोगका लागि मात्र माला बनाउने गरेको भट्टराईले बताइन् । बजारमा भारतीय माला सस्तो मूल्यमा पाइने भएकाले आफूहरुले प्रतिस्पर्धा गर्न नसकेको उनी बताउँछिन् ।

झापाको मेची भन्सार कार्यालय काँकडभिट्टाबाट यस वर्षको तिहारका लागि कृत्रिम मालाको आयात भने ह्वात्तै घटेको छ । काँकडभिट्टा नाका हुँदै यस आवमा ६ हजार ४ सय ७ किलोग्राम कृत्रिम माला भित्रिएको छ। यस वर्ष तिहारलाई लक्षित गरी भारतबाट भित्रने कृत्रिम फूलमालामा कमी आएको मेची भन्सार कार्यालय काँकडभिट्टाका प्रमुख ध्रुवराज विश्वकर्माले बताए। भन्सार कार्यालयले चालू आर्थिक वर्ष २०७७-०७८ को साउनदेखि कात्तिकसम्मको अवधिमा भारतबाट सो परिमाणमा कृत्रिम फूलमाला आयात भएको जनाएको छ । भन्सार कार्यालयबाट ६ लाख १५ हजार रुपैयाँको कृत्रिम फूलमाला भित्रिएको मेची भन्सार कार्यालयको तथ्यांकले देखाएको छ। भन्सारले कृत्रिम फूलमाला आयातबाट १७ हजार १६ सय ९६ रुपैयाँ राजस्व संकलन गरेको छ।

झापामा हरेक वर्ष असोज र कात्तिक महिनामा सबैभन्दा बढी कृत्रिम फूलमाला आयात हुने भएपनि यस वर्ष कोरोना महामारीको कारण फूल आयातमा गत वर्षको तुलनामा ९० प्रतिशतले कमी आएको छ। गत वर्ष सोही अवधिमा काँकडभिट्टा नाका हुँदै भारतबाट ५९ हजार ५ सय ७४ किलोग्राम कृत्रिम फूलमाला भित्रिएको थियो । सो अवधिमा ४७ लाख ५४ हजार ७ सय रुपैयाँको कृत्रिम फूलमाला भित्रिँदा १४ लाख १३ हजार ९ सय १७ रुपैयाँ राजस्व संकलन भएको थियो।

तिहारमा दियो, बत्तीलगायतको प्रयोग बढ्ने भएकाले कृत्रिम

❖बाँकी अन्तिम पृष्ठमा

# दाहसँस्कारपछि अर्जुनधाराका बृद्धलाई संक्रमण पुष्टि

***झापा (प्रस)।*** झापा अर्जुनधाराका एक ब्यक्तिको शव अन्त्येष्टि गरिसकेपछि उनलाई कोरोना संक्रमण पुष्टि भएको छ।

अर्जुनधारा नगरपालिका वडा नं ७ का ६१ वर्षिय भीम काफ्लेको शवलाई अन्त्येष्टि गरिसकेपछि उनलाई कोरोना संक्रमण पुष्टि भएको हो । बिएण्डसी हस्पिटल बिर्तामोडमा दुई दिनअघि बुधबार पिसिआर परीक्षण गराएका काफ्लेको बिहीबार राति ९.३० बजेतिर घरैमा मृत्यु भएको थियो। मृत्युपछि शुक्रबार बिहान ९ बजेतिर परिवार र आफन्तले उनको स्थानीय टाङटिङ नदीमा दाहसँस्कार गरेका थिए। दाहसँस्कार भइसकेपछि शुक्रबार दिउँसो १ बजेतिर उनको पिसिआर रिपोर्ट पोजेटिभ आएको हो । आफन्तहरुले संक्रमित काफ्लेलाई अरुसरह नै दाहसँस्कार गरेका थिए । पिसिआर परीक्षण गरेको थाहा भएपनि रिपोर्ट नआएका कारण अरु सरह नै दाहसँस्कार गरिएको वडाध्यक्ष नवीन ढुंगानाले बताए। योसँगै अर्जुनधारामा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या ३ पुगेको छ ।

**झापामा तीन संक्रमितको मृत्यु**

अर्जुनधाराका ती बृद्धसँगै झापामा तीन जना कोरोना संक्रमितको मृत्यु भएको छ। कमल गाउँपालिकामा

❖बाँकी अन्तिम पृष्ठमा

# बिर्तामोडका ४ स्वास्थ्यकर्मीसहित झापामा ६३ संक्रमित थपिए

***बिर्तामोड (प्रस)।*** झापामा पछिल्लो २४ घण्टाभित्र ६३ जना कोरोना संक्रमित थपिएका छन्। थपिएकामध्ये बिर्तामोडका चार जना स्वास्थ्यकर्मी रहेका छन् ।शुक्रबार सबैभन्दा बढी कचनकवल गाउँपालिकामा ३ महिला र ११ जना पुरुष संक्रमित थपिएका छन् । यस्तै, बिर्तामोड र दमकमा १३-१३ जना रहेका छन् ।



बिर्तामोडमा ४ जना महिला र ९ जना पुरुष थपिएका हुन् भने दमकमा २ जना महिला र ११ जना पुरुष रहेको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।यस्तै, मेचीनगर गौरादहमा ५-५ जना, भद्रपुरमा २ पुरुष, अर्जुनधारामा ३ पुरुष, कमलमा ३ जना, शिवसताक्षीमा २ जना, बुद्धशान्ति, बाह्रदशी र झापा गाउँपालिकामा १-१ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ । शुक्रबारसम्म झापा जिल्लामा कुल संक्रमितको संख्या २ हजार ९१६ पुगेको छ। यस्तै १ हजार ७७० जनाले कोरोना जितेका छन् भने १ हजार ७१ जना सक्रिय संक्रमित भई आइसोलेसनमा उपचाररत रहेका छन् ।

# भ्याटबिल बिनै बढी मूल्यमा गुट्खा र पराग बिक्री

***झापा (प्रस)।*** झापाको बिर्तामोडमा सञ्चालित एक गुट्खा उद्योगले लकडाउनमा राजस्व छलेको तथ्य फेला परेको छ। कोरोना भाइरसको संक्रमण नियन्त्रण गर्न गरिएको लकडाउनको समयमा बिर्तामोडमा सञ्चालित नारायणराज प्रोडक्स प्रालिले उत्पादन गरेको मौका नामको हजारौँ बोरा गुट्खा र पराग बिना भ्याटबिल बढी मूल्यमा बिक्री गरेर राजस्व छलेको हो ।

सरकारले अत्यावश्यकबाहेकका सबै सेवा बन्द गरेको समयमा बिर्तामोडस्थित पन्चकन्यामा रहेको नारायणराज प्रोडक्स प्रालिले उत्पादन गरेको गुट्खा स्थानीय व्यापारीलाई अधिक मूल्य असुलेर बिक्री गरेको र कतिपयलाई भ्याटबिल समेत नदिएको




स्थानीय व्यापारीले बताएका छन् । बिर्तामोडस्थित सिस्टर एण्ड ब्रदर्शका सञ्चालकले आफूले गुट्खा खरिद गर्दा दोब्बर मूल्य तिर्नुपरेको र भ्याट बिल नपाएको बताए । उनले भने, 'शुरुमा ९ हजारको गुट्खालाई १२ हजार २ सय पचास रुपैयाँ लियो तर भ्याट बिल दिएन, भ्याट बिल नपाएको बिषयमा उद्योगमा कुरा राख्दा बल्ल ९ हजार ४० रुपैयाँ प्रतिबोराको मात्रै बिल दियो, उद्योगले अधिकांशलाई बिना भ्याट बिल गुट्खा बिक्री गर्दोरहेछ । तर, आफूले भने तिरेकोभन्दा कम रकमको भएपनि बिल पाएँ । '

उद्योगले बिर्तामोडकै व्यापारी रोमित साहलाई पनि बिना बिल १५ केजी गुटका बिक्री गरेको पाइएको छ । लकडाउनमा गुट्खा उद्योगले कर छली गरेको र अनावश्यक मूल्यवृद्धि गरेको भन्दै स्थानीयले २ बोरा गुट्खा खरिद गरेका व्यापारी साहलाई सोधपुछ गर्ने क्रममा बिल बिनै सामान बिक्री गर्ने गरेको कुरा खुलेको हो। साहले शुरुमा ९ हजार प्रतिबोरा पर्ने गुट्खा १३ हजार प्रतिबोरा तिरेर २ बोरा खरिद गरेको र भ्याट बिल नदिएको बताए । तर, स्थानीयले अन्तःशुल्कमा दर्ता भएको सामान

❖बाँकी अन्तिम पृष्ठमा






राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

शुभ दिपावली तथा छैठ पर्व २०७७ सालको सुखद उपलक्ष्यमा देश विदेशमा रहनुहुने हाम्रा सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनी , कर्मचारी, पाठक वर्ग, तथा शुभचिन्तकहरुमा सुख,शान्ति ,समृद्धि सहित उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै कार्तिक ३० गतेदेखि मंसिर ०२ गतेसम्म पत्रिका प्रकाशन नहुने व्यहोरा सम्पूर्ण पाठक वर्गमा जानकारी गराउँदछौं ।

माता पाथिभरा फर्निचर
बिर्तामोड-७, चारपाने
सो-रुमः कनकाई-१, दुर्गापुर
प्रो. देवी दंगाल
9841351368, 9806035571





थ्री पिस दराज
बक्स पलङ
टु पिस दराज
सोफा सेटहरु

लगायत घरायसी सजावटका
सम्पुर्ण फर्निचरका सामानहरु
ग्यारेन्टीका साथ बिक्रि गरिन्छ ।

# नेकपा सचिवालय बैठक निश्कर्षविहीन



**झापा (प्रस) ।** सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सचिवालय बैठक बिनानिश्कर्ष सकिएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठक ४० मिनेटमै सकिएको हो ।

अबको बैठक मंसिर ३ गते बस्ने निर्णय भएको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए । 'आजको बैठकमा भदौ २६ को स्थायी कमिटीको निर्णय, अन्तरपार्टी जारी भएको निर्देशन, अध्यक्षद्वयले लेख्नुभएको सवाल जवाफको विषयमा सबै सचिवालय सदस्यले अध्यक्ष गरेपछि मात्रै निकास निस्कने भएकाले अर्को मिति तय गरिएको छ' उनले भने।

बैठक बोलाउन सहमति दिन माग गर्दै प्रधानमन्त्री ओलीलाई पेश गरेको पत्र, त्यसको जवाफमा ओलीले प्रचण्डलाई लेखेको पत्र र त्यसको प्रतिउत्तरमा प्रचण्डले ओलीलाई लेखेको पत्र समेत नेताहरुलाई दिइएको उनले बताए।

प्रधानमन्त्री केपी शर्मा ओली र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड बीचको आन्तरिक विवादले पार्टी फुटको अवस्थासम्म पुगेको थियो। राजदूत नियुक्ति, मन्त्रिपरिषद् पुनर्गठन, कर्णाली विवाद, पर्सा घटना, रअ प्रमुखसँगको भेटवार्ता, कोरोना महामारी नियन्त्रण र आर्थिक संकट, पार्टीभित्रको बैठक निर्णय कार्यान्वयन, पार्टी नेतृत्वको र सरकारको प्रभावकारिताबारे छलफल गर्नुपर्ने भन्दै सचिवालय बस्नुपर्ने बताउँदै आएका थिए। पार्टीभित्रको विवाद समस्या समाधानका लागि अध्यक्ष दाहालसहित वरिष्ठ नेताद्वय झलनाथ खनाल, माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम र प्रवक्ता नारायणकाजी श्रेष्ठले बैठक राख्न लिखित रुपमा माग समेत गरेका थिए ।

# कारागारमा आइसोलेसन वार्ड बनाउन कचनकवलको सहयोग

**कचनकवल (प्रस) ।** झापा कारागारमा आइसोलेसन वार्ड निर्माण गर्नका लागि कचनकवल गाउँपालिकाले सहयोग गरेको छ ।

झापा कारागारको अनुरोधमा कचनकवल गाउँपालिका कार्यालयले विभिन्न सामान उपलब्ध गराएर सहयोग गरेको हो । गाउँपालिका अध्यक्ष अन्जर आलमले झापा कारागारमा कोभिड आईसोलसन वार्ड स्थापनाका लागि बेडका सामान, भिटामिन लगायतका औषधिजन्य सामग्री, सेनिटाईजर



, सावुन, मास्क,फेसशिल्ड तथा अन्य सहायक सामग्रीहरु कारागार प्रमुख राजेन्द्रकुमार गौतमलाई शुक्रबार हस्तान्तरण गरेका हुन् । ती सामान लिन कारागार प्रमुख गौतम गाउँपालिका कार्यालय पुगेको प्रमुख प्रशासकीय अधिकृत कुमार बस्नेतले बताए । । कारागारमा कैदीबन्दीहरुका लागि आइसोलेसन वार्ड निर्माण गर्नका लागि सहयोग गर्न कारागार प्रशासनले जिल्लाका सबै पालिकाहरुलाई आव्हान गरेको छ ।


## कचनकवल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा

**१ नं. प्रदेश, नेपाल**

## करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

संसोधन गरी प्रकाशन गरिएको मितिः २०७७/०७/२९

आ.व. ०७७/०७८ का लागि **गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७** अनुसार **गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम** सञ्चालन गर्नका लागि तपशिल बमोजिमका कर्मचारी करारमा राख्नु पर्ने भएकोले प्रचलित कानुन अनुसार योग्य नेपाली नागरिकहरुले सुचना प्रकाशित भएको मितिले १५ ( पन्ध्र) दिन भित्र कार्यालय समयमा तोकिएको राजश्व तिरेको रसिद सहित आवेदन फारमको ढाँचामा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघेर आएका दरखास्त उपर कुनै कारवाही हुने छैन । अनुभवी तथा स्थानीयलाई प्राथमिकता दिइने छ ।

| क्र. स. | विज्ञापन नं. | पद | संख्या | पारिश्रमिक | नियुक्तिको किसिम | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १/०७७/०७८ | सहजकर्ता | २ | नेपाल सरकारको स्केल बमोजिमको मासिक पारिश्रमिक । | करार | रु.१०००।- | |

**आवश्यक न्यूनतम योग्यता :-**

(क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उर्तीण गरेको ।

(ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परिक्षण तह २ वा ३ उर्तीण गरेको ।

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उर्तीण गरेको ।

**परिक्षाको किसिम :-** अन्तरर्वाता

**दरखास्त दिने अन्तिम :-** मिति २०७७०८।०९

**आवेदन बुझाउने स्थान :-** कचनकवल गाउँपालिकाको कार्यालय बनियानी, झापा

**आवेदन फारम पाउने स्थान :-** कचनकवल गाउँपालिकाको कार्यालय

**परिक्षा हुने मिति :-** दरखास्त समाप्त हुने मितिको भोलिपल्ट ( मिति २०७७०८।१०) तोकिनेछ ।

**उम्मेदवारको उमेरको हद :-** मिति २०७७०७२४ गते सम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।

**दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरु**

नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

आवश्यक शैक्षिक योग्यताको प्रमाण पत्र तथा चरित्रिक प्रमाण पत्रको प्रतिलिपी ।

सेवा सम्बन्धी तालिम तथा अनुभवको प्रमाण पत्रको प्रतिलिपी ।

कुमार बस्नेत
प्रमुख प्रशाकीय अधिकृत


# भ्याटबिल...

यसरी बिना बिल ओसारपसार र खरिद गर्न नपाइने बताएपछि उद्योगमा फोन गरी बिल मगाएका थिए । उद्योगलाई २ बोरा गुट्खाको २६ हजार रुपैयाँ तिरेको भएपनि १८ हजार ८० रुपैयाँको मात्र भ्याट बिल काटेको पाइएको छ ।

यी दुई त केवल प्रतिनिधि घटना मात्रै भएको र यस्ता हजारौँ बोरा गुट्खा बिना बिल बिक्री गरिएको बिर्तामोडका एक व्यापारीले नाम नखुलाउने शर्तमा बताए । उनले सामान सटेज भएको समयमा उद्योगले करिब ५ करोड मूल्य बराबरको गुट्खा बिना बिल बिक्री गरेको दाबी गरे । उनले भने ' नारायणराज प्रोडक्सले जेठमा मात्रै करिब ३ करोड रुपैयाँ त राजश्व मात्रै तिरेको छ भने यसरी अबैध बाटोबाट त कति सामान बिक्री गऱ्यो कति, रातारात उत्पादन गरेरे आफन्तको गोदाममा भण्डारण गर्दै बाहिरबाहिरै हजारौँ बोरा बिना बिल बिक्री गऱ्यो ।'

उनले उद्योगका सञ्चालक पर्शुराम अग्रवाल उच्च ओहोदाका कर्मचारीसँग उठबस भएका व्यक्ति भएकाले उनको बिरुद्धमा बोल्ने जो कोहीलाई पनि राजश्व अनुसन्धान विभाग र स्थानीय प्रहरी लगाएर लफडामा पार्ने गरेकाले आफ्नो नाम गोप्य नै राख्न आग्रह समेत गरे । उद्योगले केहीलाई मनिषा इम्पेक्सको भ्याटबिल उपलब्ध गराएको भएपनि तिरेको मूल्यभन्दा निकै कम रकमको मात्रै बिल दिने गरेको उनीहरुको भनाइ छ ।

नियमअनुसार आफूले उत्पादन गरेको गुट्खाको परिमाणका आधारमा ६ सय २५ रुपैयाँ प्रतिकेजी अन्तःशुल्क, २५ रुपैयाँ स्वास्थ्यकर र १३ प्रतिशत भ्याट वापतको रकम अग्रिमरुपमा आन्तरिक राजस्व कार्यालयमा बुझाएपछि मात्रै तोकिएको परिमाणको गुट्खा दिनको समयमा उद्योगले सेल्सडिपोलाई बिक्री गर्न मिल्ने नियम छ । तर, नारायणराज प्रोडक्सले भने उद्योगबाटै सोझौँ व्यापारीलाई मनिषा इम्पेक्सको बिल प्रयोग गरेर बिक्री गर्ने गरेको खुलेको छ । अरु गुट्खाजन्य उत्पादन बन्द भएको समयमा उद्योगले रातभर साना सवारीको प्रयोग गरी हजारौँ बोरा गुट्खा बिक्री गरेको उद्योग आसपासका प्रत्यक्षदर्शीले बताएका छन् । स्थानीय युवाले उद्योग राजश्व छलेको र अत्याधिक मूल्य असुलेको भन्दै त्यसको बिरोध गरेपछि उनीहरुलाई समेत ५ बोरा गुट्खा प्रतिदिन उपलब्ध गराएर घटना सामसुम पारिएको बताइन्छ ।

राजश्व अनुसन्धान विभागका हाकिमहरुसँग राम्रो उठबस भएका उद्योगका सञ्चालक पर्शुराम अग्रवालले सधै शक्तिको आडमा यस्तै धन्दा चलाउने गरेको झापाका व्यापारीहरुले नै बताउँदै आएका छन् । उनको शक्तिको सामु सरकारी संयन्त्रसमेत 'तैचुप मैचुप' हुँदै आएकाले उनको यस्ता प्रकृतिका धन्दाले प्रश्रय पाउँदै गएको हो । यस विषयमा संचालक अग्रवाललाई सोध्दा उनले सो गुट्खा उद्योग व्यवस्थापक प्रेम सिंहलाई जिम्मा दिएको बताए । उनले व्यवस्थापक सिंह भारत गएको र यस विषयमा पछि कुरा गर्ने प्रतिक्रिया दिए ।

# एनआरएन बादल राजवंशीले गरे प्रहरीलाई सहयोग

**बिर्तामोड (प्रस) ।** लामो समयदेखि चाईनाको इयु बस्दै आएका बादल



राजवंशी कोरोना भाइरस संक्रमणका कारण नेपालमै छन् । बिर्तामोड निवासी राजवंशीलाई यो लकडाउनले बिर्तामोडको सिटी सेन्टरमा लेडिज जंक्सन अन्डर गार्मेन्टको व्यवसाय संचालन गर्ने अवसर जुराएको छ । चाइनामा बसेर व्यवसाय गर्दै आएका राजवंशी नेपालमा नै बसेर केही गर्ने इच्छा व्यक्त गर्छन् । व्यवसायमात्र हैन, सामाजिक काममा पनि उनको उत्तिकै रुचि छ । लकडाउनको बेलामा धेरै परिवारलाई राहत सहयोग गरेका राजवंशीले फ्रन्टलाईनमा बसेर सेवा गर्ने जिल्लास्थित प्रहरीहरुलाई स्वास्थ्य सामग्री वितरण गरेका छन् ।

शिखर साकोसका शेयर सदस्य समेत रहेका राजवंशीले संस्थाका अध्यक्ष दिपेन्द्र राउत, सह–सचिव तारा खतिवडासमेतको उपस्थितिमा जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालालाई ११सय थान मास्क र २० लिटर सेनिटाइजर हस्तान्तरण गरेका हुन् ।

यो अवस्थामा एक व्यवसायीले सामाजिक उत्तरदायित्वअन्तर्गत जिल्ला प्रहरी कार्यालय झापामा कार्यरत प्रहरीलाई मास्क र सेनिटाईजर वितरण गरेकोमा प्रहरी उपरीक्षक कोइरालाले शिखर साकोस तथा संस्थाका सदस्य व्यवसायी बादल राजवंशीलाई धन्यवाद दिएका छन् ।

# बंगलादेशसँग नेपाल पराजित



**झापा (प्रस) ।** अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलमा नेपाल पराजित भएको छ । शुक्रबार बंगलादेशको राजधानी ढाकामा भएको खेलमा नेपाललाई घरेलु टिम बंगलादेशले २-० गोलले पराजित गरेको हो।नेपालले दुवै हाफमा १-१ गोल खाएको थियो।खेलको दशौं मिनेटमा नवीद जीवनले गोल गर्दै घरेलु टिमलाई अग्रता दिलाएका थिए। ८० मिनेटमा बंगलादेशले अग्रता दोब्बर पाऱ्यो। वान भर्सेस वानको अवस्थामा महबुर रहमानले बंगलादेशका लागि दोस्रो गोल गरेका थिए। नेपालका लागि पहिलो हाफमा रवी पासवान र अन्जन विष्टले गोल गर्ने अवसर खेर फालेका थिए। खेलमा विकास खवास, एरिक विष्ट र दर्शन गुरुङले राष्ट्रिय टिममा डेब्यू गरेका छन्। दुई अन्तर्राष्ट्रिय खेलका लागि ढाका पुगेको नेपाली टिमले मङ्सिर २ गते दोस्रो खेल खेल्नेछायसअघि नेपाल बंगलादेशविरुद्ध भएका पछिल्ला पाँच खेलमा नेपाल तीन खेलमा विजयी भएको थियो। एक खेलमा बंगलादेशले जित हात पार्दा एक खेल बराबरीमा सकिएको छानेपाली राष्ट्रिय टिम झण्डै एक वर्षपछि मैदान उत्रिएको हो। नेपाली राष्ट्रिय फुटबल टिमले पछिल्लो अन्तर्राष्ट्रिय खेल खेलेको आगामी साता एक वर्ष पूरा हुँदैछ। फिफा विश्वकप २०२२ अन्तर्गत दोस्रो चरणको चरणमा नेपालले गत नोभेम्बर १९ मा कुवेतविरुद्ध भुटानको चाङ्लीमिथाङ रंगशालामा प्रतिस्पर्धा गरेको थियो। सो खेलमा नेपाल १-० गोलले पराजित भएको थियो। त्यसयता कोरोना महामारीका कारण कुनै पनि खेल हुन नसकेको हो।

# दाहसँस्कारपछि ...

थप एकजना कोरोना संक्रमितको मृत्यु भएको हो ।

कमल गाउँपालिका वडा नं ३ केर्खा बजारका ६६ वर्षिय प्रेम लिम्बुको शुक्रबार दिउँसो विराटनगरको न्यूरो हस्पिटलमा मृत्यु भएको हो । मिर्गौला प्रत्यारोपण गराएर नियमित डाइलोसिस गराउँदै आएका लिम्बुलाई कात्तिक ७ गते नोवेल हस्पिटल विराटनगरमा कोरोना संक्रमण पुष्टि भएको थियो । त्यसपछि घर आएका उनी सिकिस्त भएपछि पुनः विराटनगर लगिएको कमल गाउँपालिकाका स्वास्थ्य शाखाका इन्द्र अर्यालले बताए । उनले नेपाली सेनाले मृतकको शवलाई कन्काई माईमा अन्त्येष्टि गरेको जानकारी दिए । योसँगै कमलमा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या एक महिलासहित ५ पुगेको छ । गाउँपालिकामा कोरोना संक्रमितको सँख्या १४८ पुगेको र त्यसमध्ये ४९ जना आइसोलेसनमा रहेको गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले बताइन् ।

त्यस्तै शिवसताक्षी नगरपालिकाका थप एक कोरोना संक्रमितको मृत्यु भएको छ ।

शिवसताक्षी ६ का ६२ वर्षिय भीम न्यौपानेको उपचारका क्रममा शुक्रबार विहान बिएण्डसी हस्पिटल बिर्तामोडमा मृत्यु भएको हो । कोरोना संक्रमण पुष्टि भइसकेपछि गंभीर अबस्थामा पुगेका उनको सोही हस्पिटलमा केही दिनदेखि भेन्टिलेटरमा उपचार भइरहेको थियो । मृतकको शवलाई कनकाई नदीको शिवगञ्ज घाटमा नेपाली सेनाको टोलीले अन्त्येष्टि गरेको नगरपालिकाका स्वास्थ्य शाखाका रोशन भट्टराईले बताए । योसँगै शिवसताक्षीमा कोरोनाका कारण मृत्यु हुनेको संख्या एक महिलासहित पाँच र जिल्लामा ७६ पुगेको छ ।

# कृत्रिम...

फूलमालाबाहेक झापामा भारतबाटमैनबत्ती,अगरबत्तीलगायतका सामानहरु समेत आयात भएका छन् । मेची भन्सारबाट यस वर्ष झिलिमिलि बत्ती भने थोरै मात्रामा आयात भएको जनाएको छ । काँकडभिट्टा भन्सार नाकाबाट मात्रै नभएर भद्रपुर भन्सार कार्यालय साथै झापाका छोटी भन्सार कार्यालयहरुबाट समेत कृत्रिम फूलमाला, मैनबत्ती, दियोलगायतका सामान भित्रिने गरेका छन् । अधिकांश नेपालीले आफ्नो घरबारीमा सयपत्री, मखमलीलगायतका फूल रोप्ने गरेको भए पनि पर्याप्त उत्पादन नहुने भएकाले झापासहित पूर्वी तराईका जिल्लाहरुमा भारतबाट कृत्रिम फूलामाला आयात हुने गरेको छ । झापामा पछिल्ला केही वर्षयता फूल खेती हुने गरेपनि बजार माग अनुसार उत्पादन हुन सकेको छैन ।


## पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
## शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

### औषधीको प्रयोग नगरी उपचार

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुनः यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौँ, सदैव स्वस्थ रहौँ ।

पूर्ण टुङ्ग **बिर्ता सीटी हस्पिटल**
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००



## बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



## हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

### सफलतापूर्वक उपचार हुने समस्याहरू

ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको



सम्पर्क : **स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.**
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

सम्पादकीय

## घरमै बसेर तिहार मनाऔं

जिल्ला प्रशासन कार्यालय झापाले घरमै बसेर दशैं तिहार मनाउन र अनावश्यक हिडडुल तथा जमघट नगर्न अनुरोध गरेको छ । प्रशासनले घरमै बसेर सुरक्षाको मापदण्ड अपनाउँदै पूजाआजा गर्न आग्रह गरेको हो । प्रशासनले १२ वर्षभन्दा कम उमेरका बालबालिका र ६० वर्ष माथिका वृद्धवृद्धामा कोरोना संक्रमणको जोखिम उच्च रहेकोले घर बाहिर ननिस्कन र निस्कनै परे पनि सुरक्षाको मापदण्डहरु अपनाउन आवश्यक रहेको जनाएको छ । त्यसैगरी चाडपर्वमा हुने शुभकामना आदानप्रदान कार्यक्रम, भेला, खेलकुद र देउँसी भैलो जस्ता कार्यक्रम पनि नगर्न प्रशासनले आग्रह गरेको छ ।

प्रशासनले नागरिकहरुले कोरोना महामारीलाई गम्भीर रुपमा नलिएको भन्ने गुनासो बढ्दै गएपछि अवैद्य मदिराको बिक्री वितरण तथा होहल्ला पनि नगर्न निर्देशन दिएको छ । त्यसैगरी प्रशासनले राजमार्ग छेउछाउमा खाद्य पदार्थ बिक्रीवितरण नगर्न र सडक छेउमा राखिएका खाद्य पदार्थ खरिद र उपभोग पनि नगर्न निर्देशन दिएको छ। त्यस्तै तिहारमा पड्काइने पटका, चन्दा संकलन गर्ने र ध्वनि प्रदूषण हुने गरी माइक बजाउन पनि प्रशासनले बन्देज लगाएको छ ।

यदि कोरोना महामारीको अवस्था नहुँदो हो त यतिखेर देशैभरि तिहारको रौनकता र रमाईलो हर्षोल्लासमय हुने थियो । दुनियाँ आज कोरोना महामारीको आक्रान्त परिस्थितिसँग जुध्न परेको छ । दसैं पर्व गइसक्यो । त्यसको लगत्तै तिहार भित्रिएको छ। चाडबाड आफ्नो तिथि र मितिमा वर्षै पिच्छे आईरहने एउटा प्रक्रिया जस्तै हुन् । आउँछ र जान्छ पनि । तर हालको अवस्थामा चाडबाडलाई भन्दा कोरोना संक्रमण जोखिमबाट बच्नलाई बढी प्रथामिकता दिनु पर्ने देखिन्छ । विश्वव्यापी रुपमा फैलिएको कोरोनाको यस विषम परिस्थितिलाई ध्यानमा राखी सरकारले जो जहाँ र जुन अवस्थामा रहनु भएको छ , त्यही बसेर चाडपर्व मनाउन आह्वान गरिसकेको छ । मनलाई खुशी राखौं । परिस्थिति जटिल छ । मनोबल बढाऔं । रोक नलागोस् । तिहार अर्को साल पनि आउँछ । त्यही बेला भव्य रुपमा मानौंला । तिहार र छैठको हार्दिक मंगलमय शुभकामना ।

# दियो बेच्ने आमाको दीपावली



❖डा. नम्रता पाण्डे

> दीपावली आफ्नो घर उज्यालो बनाउने पर्व मात्रै कहाँ हो र ? कसैका अनुहारमा आशा र भरोसाको दियो जलाउन सक्नु पनि हो । आफ्नो सानो सहयोगले कसैको जीवनमा ठूलो सहयोगको महसुस हुने काम गर्न सकियो भने मान्नुपर्छ आफूभित्रको ज्ञानको दियो प्रज्ज्वलित रहेछ ।

निकेशकी आमाले हिजै कार्यक्रम तय गरेकी थिइन्, भोलि बजार गएर टन्न दीपावलीका सामान खरिद गर्नुपर्छ भनेर । निकेश र उनकी दिदीलाई एउटा सूची बनाउने र नबिर्सीकन आवश्यक सामान किन्ने निर्देशन दिइन् । पतिलाई भनेकी थिइन्- सामान टन्नै किन्नुपर्नेछ । धेरै समय लाग्न सक्छ । दिक्क नमान्ने गरी मानसिक रूपमा तयार हुने नि ! दीपावलीको सामान किनमेलका लागि निकेश आमाबासँगै निस्किए सपिङ मलतिर । निकेशकी दिदीले भने एउटा लामो सूची भाइका हातमा थमाएर भनिन्, 'मलाई यी चीज ल्याइदिनुस् । म बजार जान्न । सिनेमा हेरेर बस्छु घरमै ।'

बजारमा भीडभाड थियो । जतातततै सामान किने । फर्किने समयमा मलको कर्नरमा रहेको आइसक्रिम बारमा आइसक्रिम किन्न आमाले इशारा गरिन् । निकेशले आइसक्रिम किनेर २० रुपैयाँ फिर्ता आयो । ऊ आमाको हात छोडेर दियो बेच्ने आमाकहाँ पुग्यो र भन्यो, 'आमा, चारवटा दियो दिनुस् न ! उसको र आमाको दुवैको अनुहारमा एउटा प्रसन्नता खुल्यो ।'

'आमा, दीपावलीको शुभकामना !' भन्दै निकेश हिँड्यो । आमाको मुखबाट निस्क्यो- बाबु, यो दियो सबै बिक्री भएन भने मेरो दीपावली कसरी शुभ हुन्छ र ? निकेशका आँखाबाट झन्डै आँसु झरेको थियो । आमाले पनि निकेशको भाव बुझिन् र दुइटा थप दियो हातमा थम्याइदिएर भनिन्- कुराले निकेशलाई अशान्त बनाइरह्यो ।

निकेशले आफ्नो कम्प्युटर खोल्यो र आमाको फोटो र दियोसहितको फोटोसँगै लेख्यो, ' आमाको दीपावली शुभ बनाउन हामी सबैले सहयोग गरौं ।' प्रिन्ट निकाल्यो र सडकका छेउछाउमा टाँसिदियो । घरघर पुगेर मानिसका हातमा पर्चा थम्याइदियो । निकेशलाई भेट्ने, त्यो फोटो र मेसेजमा आँखा पुऱ्याउनेजतिले आमाको दियो किने । आमाका कति दियो बिक्री भयो भनेर निकेश लुकेर हेर्थ्यो । जब दियोहरू सबै बिक्री भए, आमाको निभिसकेको खुसीको दियो अरू प्रज्ज्वलित भएर आयो ।

धेरै समयपछि खुसी फर्केर आएको महसुस गर्दै उनी थैलीमा पैसा राख्दै थिइन् । त्यतिबेला र ज्ञानको दियो प्रज्ज्वलित हुन सक्यो भने मात्र बाहिरी उज्यालोको अर्थ सार्थक हुनेछ । आफूभित्रको सहयोगी, मानवीय भावना, करूणा र संवेदनशीलता जागृत हुनु वास्तविक जागरण र प्रकाशमय भएको अवस्था हो ।

भगवान् बुद्धले आफ्नो अन्तिम समयमा दिएको सन्देश 'अप्प दिपो भवः' को अर्थ पनि त्यही हो- तिमी आफू ज्ञान र प्रज्ञारूपी गुणबाट प्रज्ज्वलित बन । बाहिरको उज्यालोले भित्रको अन्धकाररूपी अज्ञानतालाई उज्यालो बनाउन सक्दैन । घरभित्रको अन्धकार हटाउन घरबाहिर झिलिमिली पारेर हुँदैन । एकपटक सोचौं- हाम्रा कर्म र परिणामले बाहिरै मात्र झिलिमिली पारेका छन् कि भित्रको शान्ति, सुख र आनन्द अनुभूति हुने खालका छन्



दीपावलीको माहोल । निकेशकी आमाले उसका हात दह्रो गरी समातेकी थिइन् । भीड आफ्नै गन्तव्यमा थियो । सपिङकै माहोलमा व्यस्त थिए मानिस । कसैले कसैलाई हेर्ने फुर्सद थिएन । एउटा कुनामा माटोका दियो लिएर 'दीपावलीका लागि माटोको दियो लिनुहोस्, जम्मा पाँच रुपैयाँ गोटा, लिइदिनुस् न हजुर' भन्दै तिलचामल झैं देखिने कपाल फुलेकी अधबैंसे महिला चिच्याएको निकेशले सुन्यो । उसले आफ्नी आमालाई इशारा गर्दै भन्यो, 'आमा, हामीलाई पनि दियो चाहिन्छ नि दीपावलीमा बत्ती बाल्न । किनिदिँऊ न !' आमाले भनिन्, 'कहाँ माटोको दियो किन्ने ? त्यति ठूलो घर छ, बिजुलीका झिलिमिली रङ भएका बत्तीले सजाउने नि । माटोका दियो काम छैन । मलतिर गएर सपिङ गर्नुपर्छ ।'

आमाले निकेशको हात तान्दै अघि बढिन् । निकेश तिनै दियो बेच्न बसेकी आमालाई फर्किंदै हेर्दै आफ्नी आमाका हातमा बाँधिइरह्यो । सपिङ मलभित्र छिरेर टन्न तिमीलाई पनि दीपावलीको शुभकामना ! उसले मोबाइलमा आमाको फोटो लियो र भन्यो, 'आमा, चिन्ता नगर्नू । तपाईंको सबै दियो बिक्री हुनेछन् ।' आमाको मुहारमा आशाको दियो बल्यो ।

निकेश घर पुग्यो, तर उसको मन दियो बेच्ने आमासँगै रह्यो । आफ्नो बाल्यकालमा माटोका दियोमा बत्ती र तेल राखेर घरका कुनाकुना सजाएको कहानी सुनाउने आमाले माटोको दियो बेचेर गुजारा चलाउनुपर्ने आमाको व्यथा किन नबुझेको होला ? आफ्ना बुबासँग यसपटक दुइटा दियो बढी किनेर बार्दलीमा बालौँ न भनेर अनुरोध गरेको कहानी आमाले सुनाउने गर्नुहुन्थ्यो । महँगा सामान किनेर पैसा खर्च गर्दा आउने सन्तोष इज्जत र समाजलाई देखाउनका लागि होला तर कसैको जीवनमा सहयोग हुने, कसैको मुहारमा खुसी आउने काम किन गर्दैन मानिस ? आफ्नो हिजोको अवस्था किन बिर्सन्छ, किन कठोर र निर्दयी छ मानिस मन ! यस्तै निकेश आमाको छेउ पुग्यो र भन्यो, 'आमा, दियो दिनुस् न !' 'बाबु, दियोहरू सबै सकियो । अब त एउटा पनि बाँकी छैन !' आमाको भनाइ सुनेपछि निकेशले हाँस्दै भन्यो- मैले भनेको होइन त सबै दियो बिक्री हुन्छ भनेर ! यति भनेर निकेश साइकलमा कुलेलम ठोक्यो । 'बाबु, पर्ख त पर्ख भन्दै पछिपछि दौडिँदै थिइन् आमा । उनले बाटोभरि आफ्नो फोटोसहितको पर्चा र त्यसमा लेखिएको मेसेज पढिन् । निकेशको सहयोग र प्रेमले उनका आँखा अरू प्रज्ज्वलित भए । हर्षका आँसु बगे र मनमनै निकेशलाई धन्यवाद र प्रेम व्यक्त गरिन् ।

दीपावली आफ्नो घर उज्यालो बनाउने पर्व मात्रै कहाँ हो र ? कसैका अनुहारमा आशा र भरोसाको दियो जलाउन सक्नु पनि हो । आफ्नो सानो सहयोगले कसैको जीवनमा ठूलो सहयोगको महसुस हुने काम गर्न सकियो भने मान्नुपर्छ आफूभित्रको ज्ञानको दियो प्रज्ज्वलित रहेछ । आफ्नो प्रज्ञा, समझ ? आन्तरिक शान्ति र आनन्द मिल्ने दियो जलाउन नसक्दासम्म तेल सकिएपछि निभ्ने दियो झैं हुन्छ जीवन । केही पायो खुसी, भनेजस्तो भएन दुःख र गुनासोका कथा सिर्जित भइहाल्छन् ।

बाहिरको दियो बाहिरी सहयोग पाउँदा र तेल बाँकी हुँदासम्म मात्र बल्छ भने आन्तरिक दीप निरन्तर प्रज्ज्वलित भइरहन्छ । त्यसलाई अनुभूति गर्ने माध्यम केवल ध्यान हो । सन्तुलित र आदर्श जीवन बाँच्न सिकाउने कला पनि ध्यान नै हो । भौतिकताको चरम सुख र सुविधासँगै भित्रको आध्यात्मिक करूणा स्वभाव जागृत गराउने माध्यम पनि ध्यान नै हो । ध्यानस्थ र जागृत व्यक्तिले मात्र आफूमा आन्तरिक प्रकाशको ज्योति जगाउँदै अरूका मुहारमा उज्यालोका किरण छर्न सक्छ । बहुजन हिताय, बहुजन सुखायको उज्ज्वल गुणवत्ताको विकास गर्न सकोस् दीपावली ।

# विवादै विवादमा क्लिनपार्क



❖ भानु भट्टराई

> मूल्यांकनमा परिवर्तन नगरे कुनै पनि हालतमा आफ्नो निजी भोग चलनको जग्गा पार्क लाई नदिने संघर्ष समितिको निचोड छ भने औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले जसरी भए पनि जग्गा क्लिनपार्कको नाममा ल्याएर क्लिनपार्क बनाएरै छाडने प्रतिबद्धता जनाउँदै आएको छ ।

झापाको निर्वाचन क्षेत्र नम्बर -५को दमक नगरपालिकाको -१०, कमल गाउँपालिका -७ र गौरादह नगरपालिका- ५ को लगभग २ हजार २ सय विगाहमा चौडाइ १ किमी र लम्बाई ९ किमीको क्षेत्रफलमा चीन सरकारको वान बेल्ट वान रोड परियोजनाअन्तर्गत निर्माण गरिने दमक औद्योगिक क्लिनपार्कको लागत करिव ३ खर्ब ३३ अर्ब हुने भनिएको छ ।

पार्क निर्माण गर्न करिव १० वर्ष लाग्ने र निर्माण सकिएछि उक्त ग्रीनपार्कलाई चीन सरकारले ४० वर्षसम्म आफैंले प्रयोजन गरी त्यसपछि मात्र नेपाललाई हस्तान्तरण गर्ने भनी सम्झौतामा उल्लेख गरिएको छ ।

उक्त पार्क निर्माण गर्न प्रधानमन्त्रीको अध्यक्षतामा गठित लगानी बोर्डले ६४ अर्वको लगानी धेरै अगाडि नै स्वीकृत गरिसकेको छ । औद्योगिक क्षेत्र स्थापना गर्नको लागि औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा सो क्षेत्र भित्रका सबै जग्गा आइसक्नु पर्ने हुन्छ । तर, हालसम्म उक्त परियोजनाको नाममा ९ सय ४५ विगाह जग्गा मात्र आइसकेको अवस्था छ । बाँकी जग्गा औद्योगिक लिमिटेडको नाममा आउन सक्छ वा सक्दैन त्यो हेर्न बाँकी नै छ ।

दमक औद्योगिक क्लिनपार्क निर्माण गरिने भनिएको स्थान दमक नगरपालिका, कमल गाउँपालिका र गौरादह नगरपालिकामा रहेको सो क्षेत्रमा घना बस्ती र उर्वरभूमि रहेकाले जग्गाको मूल्य निर्धारण गर्न गठित मुआब्जा निर्धारण समितिले गरेको मुआब्जा दर रेटमा बिबाद हालसम्म सुल्झन सकेको छैन । झापा जिल्लाका प्रमुख जिल्ला अधिकारी संयोजक रहने , नापी कार्यालय दमक र दमक मालपोतको अधिकारी सदस्य रहने दर रेट निर्धारण समितिले निर्धारण गरेको दर रेटमा स्थानीयले विमति जनाएका छन् । सरकारी मूल्यांकन समितिलाई प्रति कठ्ठा ५ लाख भनेकोमा समितिले प्रतिविगाह २ लाख मात्र मूल्यांकन गरेको छ । सोही समितिको दर रेटलाई आधार मानेर मुआब्जा वितरण समितिले मुआब्जाको रकम भुक्तानी गर्न ५०० विगाहको दर रेट तोकेको छ । मूल्य निर्धारण समितिको मूल्यांकनको दर रेट अवैज्ञानिक र असान्दर्भिक भएको भनी संघर्ष समिति नै गठन भएको छ । ग्रीनपार्क बन्ने भनिएको स्थलको बीचमा रतुवा नदी पर्ने र सोही नदीले दमक,गौरादह र कमल गाउँपालिकालाई सिमांकन गर्ने गर्छ । रतुवा नदीको पूर्वमा पर्ने गौरादह नगरपालिका र कमल गाउँपालिकामा र पश्चिममा पर्ने दमक नगरपालिकामा छुट्टाछुट्टै मुआब्जा वितरण संघर्ष समिति गठन भएको छ ।

पूर्वमा पर्शुराम कार्कीको संयोजनमा एक संघर्ष समिति गठन भई सशक्त आवाज उठाईरहेको छ भने पश्चिममा पनि एक संघर्ष समिति गठन गरिएको छ । दुबै संघर्ष समितिको एउटै आवाज छ , मुआब्जा समितिले गरेको दर रेटमा संशोधन हुनुपर्छ र संशोधन नभए आफूहरु कुनै पनि हालतमा आफनो जग्गा ग्रीनपार्कलाई हस्तान्तरण गर्न नदिने बताउँछन् ।


मुआब्जा समितिले गरेको दररेट अनुसार जग्गालाई ३ श्रेणीमा विभाजन गरेको छ । पहिलो श्रेणीमा खेतीयोग्य जमीन जसको मूल्यांकन प्रतिविगाह २२ लाख रुपैयाँ, दोस्रो श्रेणीमा काँसघारीको जग्गा जसको दर प्रतिविगाह ८ लाख रुपैयाँ र तेस्रो श्रेणीमा खोला बगरको जग्गा जसको प्रतिविगाह २ लाख रुपैयाँ दर कायम गरिएको छ जबकि अहिले नै सरकारी मूल्यांकनमा काँसघारीको जग्गाको दर प्रतिविगाह रु ७ लाख कायम छ । यसैगरी अन्य जग्गाको पनि सरकारी मूल्यांकन मुआब्जा वितरण समितिले गरेको मूल्यांकन भन्दा धेरै बढी छ । मुआब्जा निर्धारण समितिको २०७६ /१०/१७ को निर्णय अनुसार कमल गाउँपालिका र गौरादह नगरपालिकातर्फको जग्गाको श्रेणी क, ख,ग र घ गरी ४ श्रेणीमा वर्गीकरण गरी क्रमशः रु ४५ लाख, रु ३९ लाख, रु ९ लाख ८० हजार र रु २ लाख कायम गरिएको छ भने दमक नगरपालिकातर्फ भने श्रेणी नै नराखी हचुवाको भरमा सिधै मूल्यांकन मात्र राखिएको छ । दमकतर्फको जग्गाको दर प्रतिविगाह क्रमशः २८ लाख,९ लाख ८० हजार र २ लाख कायम गरिएको छ जुन मूल्यांकन सरकारी मूल्यांकन भन्दा र हालसालको किनबेचको मूल्यांकन भन्दा धेरै कमी छ ।

दमक नगरपालिकाको सम्पत्ति कर जुन नेपाल सरकारले तोकेको न्यूनतम रजिस्ट्रेसन मूल्यांकन ८,४०००० र भएकोमा मुआब्जा वितरण समितिले तोकेको मूल्य प्रतिविगाह २ लाख मात्र छ जुन नेपालको कानुन प्रतिकूल हुन आउँछ । नगरपालिकाले सोही जग्गाको कर असुली गर्दा प्रतिविगाह ८,४०,००० को दरले जनताबाट कर असुली गर्नु र मुआब्जाको दर निर्धारण गर्दा भने सोही जग्गाको प्रतिविगाह रु २ लाख मात्र मूल्यांकन गर्नु नै ग्रीनपार्क निर्माण समिति ,मुआब्जा निर्धारण समिति र दमक नगरपालिकाको जनताप्रतिको वास्तविक जिम्मेवारी प्रष्ट हुन्छ ।

चीन सरकारको आर्थिक लगानीमा निर्माण गरिने दमक औद्योगिक ग्रीनपार्कको जग्गाको मुआब्जा वितरण गर्न गठित मूल्यांकन समितिले गरेको जग्गाको दर रेटमा पुनर्विचार र पुनरमूल्यांकन हुनुपर्छ भनी आन्दोलित समितिलाई दमक नगरपालिकाका नगर प्रमुख रोमनाथ ओलीको सक्रियता र संयोजनमा भेटी छलफल गरिएको छ । छलफलमा नगर प्रमुख,उप प्रमुख,वार्ड अध्यक्ष,दमक नापी कार्यालयका प्रतिनिधि र संघर्ष समितिका व्यक्तिहरू सहभागी थिए । छलफलले आगामी १५ दिन भित्रमा नापी हुन बाँकी जग्गाको नाप नक्सा तयार गर्ने र उक्त परियोजनाको लागि आवश्यक जग्गाको मुआब्जा वितरण गर्न सहजीकरण गर्ने बताइएको छ । मुआब्जा वितरण गर्नुभन्दा अगाडी ग्रीनपार्क निर्माण गरिने जग्गाको मूल्यांकनमा परिवर्तन गर्नु पर्ने भनी संघर्ष समितिले दमक नगरपालिका, जिल्ला प्रशासन कार्यालय झापा,लागानी बोर्डको कार्यालय,मालपोत कार्यालय दमक,नापी कार्यालय दमक,औद्योगिक व्यवस्थापन कार्यालय दमक र वार्ड नंबर १० को वार्ड कार्यालयलाई ज्ञापनपत्र बुझाएको छ। मूल्यांकनमा परिवर्तन नगरे कुनै पनि हालतमा आफ्नो निजी भोग चलनको जग्गा पार्क लाई नदिने संघर्ष समितिको निचोड छ भने औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले जसरी भए पनि जग्गा क्लिनपार्कको नाममा ल्याएर क्लिनपार्क बनाएरै छाडने प्रतिबद्धता जनाउँदै आएको छ । क्लिनपार्क जस्तै विवादलाई पनि न्यायसंग क्लिन गर्नेतर्फ सम्बद्ध पक्षको ध्यान जानुपर्छ । विकासका लागि विरोध होइन तर विकासको नाममा गरिव जनतालाई उठिबास गराउन भने विकास होइन् । प्रस्तावित करिडोर क्षेत्रमा बर्षौदेखि बसोबास गर्दै आएका जनताले उठाएका मागहरु सम्बोधन गर्न ढिलाई गर्नु हुदैन ।

## सुनसरी–मोरङ औद्योगिक क्षेत्रका उद्योगको उत्पादन घट्यो

*झापा (प्रस)* । लकडाउन हटेको तीन महिना बित्दा पनि सुनसरी मोरङ–औद्योगिक करिडोरका उद्योगले उत्पादन बढाउन सकेका छैनन् । माग नै नआएको भन्दै उद्योगहरूले क्षमताको ४० प्रतिशत मात्र उत्पादन गर्दै आएका छन् ।
आरती स्ट्रिप्स उद्योगले जस्तापाता वार्षिक १ लाख १० हजार टन, रंगीन पाता वार्षिक ६० हजार टन र कालोपाइप वार्षिक ५० हजार टन उत्पादन गर्थ्यो । अहिले तीनवटै उत्पादन बढीमा ४० प्रतिशत मात्र भएको उद्योगका प्रशासन प्रमुख दिवस नेपालले बताए ।
उद्योगले सामान्य अवस्थामा फलामे पाइप दैनिक ६ हजार ५ सय टन उत्पादन गर्दै आएको थियो । नेपालले भने, 'त्यसको उत्पादन अहिले ठप्प गरेर पुरानो उत्पादन बिक्री गर्दै छ । बजारमा माग नै छैन । माग भएर बजार पुगेका सामानको पनि रकम फिर्ता आउँदैन ।'
सामान्य अवस्थामा दैनिक ७५ टन धागो उत्पादन गर्दै आएको सुनसरी, खनारको रिलायन्स स्पिनिङ उद्योगको पनि उत्पादन आधा घटेको छ । कोरोनाका कारण आवश्यकताअनुसार मजदुरसमेत पाइँदैनन् । अहिले करिडोरका खाद्यान्न, मास्क र सेनिटाइजर उद्योगले मात्र पूर्ण क्षमतामा सामान उत्पादन गर्दै आएको र अन्य उद्योगको उत्पादन ५० प्रतिशतभन्दा बढीले घटेको उद्योग संगठन मोरङका अध्यक्ष भीम



घिमिरेको भनाइ छ । 'खाद्यान्न, सेनिटाइजर र मास्कबाहेकका सामानको बजारमा माग नै छैन,' उनले भने, 'त्यसैले अन्य उद्योगका सञ्चालकले औद्योगिक कच्चा पदार्थ आयात र उत्पादन दुवै घटाए ।'
लकडाउन हटे पनि औद्योगिक क्षेत्रको अवस्था सुधार हुन नसकेको मोरङ व्यापार संघका अध्यक्ष प्रकाश मुन्दडाको बुझाइ छ । उनका अनुसार बजारमा उपभोग्य वस्तुको माग नै नहुँदा लगानी गर्ने वातावरण छैन । 'अहिले माग र आपूर्तिबीचको सम्बन्ध नै बिग्रिएको छ,' मुन्दडाले भने, 'बजारमा सामानको माग नबढेसम्म उद्योगले उत्पादन बढाउने अवस्था नै छैन ।'
उद्योग पूर्ण क्षमतामा नचल्दा विराटनगर भन्सारको राजस्व असुली पनि प्रभावित भएको छ । औद्योगिक कच्चा पदार्थको आयात आधा घटेको छ । 'यो भन्सारको राजस्व औद्योगिक कच्चा पदार्थ आयातमा निर्भर छ,' भन्सार प्रमुख शिव भण्डारीले भने, 'कच्चा पदार्थ आयात नै घटेपछि राजस्व असुली प्रभावित हुने नै भयो ।'
भन्सारले असोजमा ४ अर्ब ५९ करोड ५० लाख रुपैयाँ राजस्व असुली गर्ने लक्ष्य राखेकोमा ७० दशमलव २५ प्रतिशत अर्थात ३ अर्ब २२ करोड ८२ लाख मात्र असुली गरेको छ । सामान्य अवस्थामा यो भन्सारले दैनिक सरदर १५ करोड रुपैयाँ राजस्व संकलन गर्दै आएको थियो ।

## तिहारमा सुनचाँदीको कारोबारमा सुधार

*झापा (प्रस)* । तिहार नजिकिएसँगै प्रदेश नं. १ को राजधानी विराटनगरमा सुनचाँदीको व्यापार फस्टाएको छ । बजारमा चाडपर्व लक्षित अन्य सामग्रीहरुको व्यापारमा कमी आएपनि सुनचाँदीको व्यापार भने सन्तोषजनक ढङ्गले भईरहेको व्यापारीहरुले बताएका छन् ।
दशैं सकिएर तिहार नजिकिँदै गर्दा विराटनगरमा सुनचाँदीको व्यापारले गति लिएको हो । कोरोना महामारीको प्रभावस्वरुप लामो समयको लकडाउन र निषेधाज्ञामा ठूलो नोक्सानी व्यहोरेका सुनचाँदी व्यवसायीहरुले अहिले भने राहतको अनुभुति गरेका छन् ।
दशैंसम्म बजारमा सुनचाँदी खरिद गर्नेभन्दा बिक्री गर्ने ग्राहकहरुको बाहुल्यता रहेको थियो । तर, तिहारको मुखमा भने व्यापारले बिस्तारै गति लिँदै गएको विराटनगरस्थित महालक्ष्मी ज्वेलर्सका सञ्चालक विकास बेगबानीले बताए । यद्यपि गएका वर्षको तुलनामा यो वर्ष ५० प्रतिशतको हाराहारीमा मात्र व्यापार हुने अवस्था देखिएको उनको भनाइ छ ।



व्यापारीहरुका अनुसार अन्य वर्ष विशेषगरी तिहारको धनतेरशमा सबैले १ आना भएपनि चाँदीको सिक्का, चाँदीको दियो तथा भाँडाकुडा वा विभिन्न गरगहना खरिद गरेर लग्ने गर्दथे । तर, यो वर्ष अवस्था फरक रहेकाले बढी मूल्यका सुनचाँदीका गरगहना तथा सामग्री बिक्री भएको छैन । कोरोना महामारीबीच पछिल्लो समय सुनचाँदीका दरभाउमा पनि उल्लेख्य मात्रामा बृद्धि हुँदा बजारमा सुनचाँदी खरिद गर्ने उपभोक्ताहरु पनि क्रमशः घट्दै गएका छन् । लकडाउनअघि ७५ हजार रुपैयाँ प्रतितोला रहेको सुनको मूल्य शुक्रबार ९५ हजार ७ सय छ । यस्तै चाँदीको मूल्य पनि ९ सयबाट १ हजार २ सय ३५ रुपैयाँ प्रतितोला पुगेको छ ।
यतिबेला चाडपर्व र विवाह ब्रतबन्धको समय भएकाले पनि व्यापार केही आशलाग्दो देखिएको राठीको सुन पसलका सञ्चालक जुगलकिशोर राठीले बताए । चीनबाट सुरु भएको कोरोना भाईरसको महामारीका कारण आर्थिक गतिविधि कम भएको र त्यसले सुनको मूल्य पनि आकाशिएको उनले जानकारी दिए ।

कोरोना महामारीले विश्व अर्थतन्त्रमा प्रभाव पारेपछि लगानीकर्ता सुनतर्फ आकर्षित हुँदा मूल्य आकासिएको विराट व्यापार संघका अध्यक्ष सुजन थापाले बताए । शेयर बजारमा जोखिम बढेपछि तुलनात्मक रूपमा सुरक्षित मानिएको सुनमा लगानी बढेकाले सुनको मूल्य निरन्तर उकालो लागेको व्यवसायीहरुको तर्क छ ।
कोरोना महामारीकै कारण लगानीका अन्य क्षेत्रहरु प्रभावित अवस्थामा हुँदा सुन सुरक्षित विकल्प भएकाले यसमा लगानीकर्ताको आकर्षण बढ्नु स्वाभाविक भएको विराटनगरका सुनचाँदी व्यवसायीहरुको बिश्लेषण छ ।


## स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सन्देश

**चाडपर्वको बेला खरीद गर्दा विचार गर्नुपर्ने कुराहरुः**

- सकभर अनलाईन सेवाबाट सामग्री खरीद गरौं,
- सामग्री खरीद गर्न घरबाट बाहिर निस्कन परेमा अनिवार्य रुपमा मास्कको सहि तरिकाले प्रयोग गरौं,
- दैनिक उपभोग्य सामानहरु नजिकैको पसलबाट खरीद गरौं, भीड नभएको बेला पारेर जाने गरौं,
- पसलमै गएर किनमेल गर्दा अनिवार्यरुपमा मास्कको सहि तरिकाले प्रयोग गर्नुका साथै भौतिक दुरी कायम गरौं,
- किनमेल गर्नु अघि र गरिसकेपछि साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग अनिवार्यरुपमा गरौं,
- किनमेल गरेर घरमा प्रवेश गर्दा राम्रो सँग २० सेकेन्ड सम्म मिचीमिची साबुनपानीले हात धोऔं,
- सम्भव भएसम्म दैनिक उपभोग्य सामग्रीहरु १ हप्ताको लागि पुग्ने गरी किनौं,
- भुक्तानी गर्दा विद्युतीय पद्धतिरकार्डहरु प्रयोग गरेर भुक्तानी गरौं,
- सकभर खुद्रा पैसा लिएर किनमेल गर्न जाऔं,
- बाहिरबाट आएपश्चात कसभर नुहाउने, सम्भव नभए हात, मुख र गोडाहरु राम्रोसँग साबुन पानीले मिचीमिची धोऔं,
- लामो समय र भीडभाडमा बाहिर जाँदा लगाएका कपडाहरु छुट्टै राख्ने र धोए पछि पुनः प्रयोग गर्ने गरौं,
- कामका सिलसिलामा नियमित बाहिर गईरहनु पर्ने व्यक्तिहरु घरमा बस्ने परिवारका सदस्यहरुसँग सकेसम्म न्युनतम भौतिक दुरी कायम गर्ने गरौं,
- आफुले प्रयोग गर्ने सवारी साधनको बढी प्रयोग हुने ठाउँहरु नियमितरुपले क्लोरिन घोल वा स्यानिटाइजरले सफा गरौं,

**व्यापारी वर्गहरुमा समेत विशेष अनुरोध**

- पसलहरु बिहान सबेरैदेखि अबेरसम्म खुल्ला राखौं, यसले गर्दा सेवाग्राहीहरु फरक फरक समयमा आई खरिद गर्न सक्ने हुँदा भीडभाड कम गर्न मद्दत पुग्नेछ ।
- पसलमा आउने सबै ग्राहकहरुलाई मास्क सहि तरिकाले प्रयोग गर्न, भौतिक दुरी, हातको सरसफाई गर्न प्रोत्साहित गर्ने र सो सम्बन्धि जानकारी सबैले देख्ने ठाउँहरुमा राखौं ।

**कोभिड–१९ बाट आफू बचौं र अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
सञ्चारग्राम, काठमाडौं ।


## मङ्सिरमा भाइटीका लगाउनुहुन्न भन्ने हल्लाका पछि नलाग्न आग्रह



*झापा (प्रस)* । नेपाल पञ्चाङ्ग निर्णायक समितिले मङ्सिर १ गते परेको भाइटीकामा दाजुभाइले दिदीबहिनीको हातबाट टीका लगाउनुहुन्न भन्ने हल्लाका पछि कुनै शास्त्रीय आधार नरहेको जनाएको छ ।

समितिका सदस्य सचिव सूर्यप्रसाद ढुङ्गेलले शुक्रबार विज्ञप्ति जारी गरी मङ्सिर १५ गतेसम्म चन्द्रमास अनुसार कात्तिक शुक्ल पक्ष नै रहेकाले ढुक्क भएर तिहारको टीका लगाउन आह्वान गरेका छन् ।
वैदिक सनातन हिन्दू धर्मावलम्बीले चन्द्रमास अनुसार नै चाडपर्व मनाउने गर्छन् । मङ्सिर १५ गतेसम्म कार्तिक शुक्ल पक्ष भएकैले विवाहको लग्न १६ गतेपछि मात्र दिइएको पनि उनले जानकारी दिए ।
यस वर्ष गत आश्विन महिनामा अधिकमास (मलमास) परेकाले चाडपर्व पछि सर्दा भाइटीका मङ्सिर १ गते परेको हो । भाइटीका दाजुभाइले दिदीबहिनीबाट र दिदीबहिनीले दाजुभाइबाट कुल परम्परा अनुसार पञ्चरङ्गी वा सप्तरङ्गी टीका लगाएर एकापसमा गच्छे अनुसार मीठा परिकार, उपहार एवं दक्षिणा दिएर आपसी सद्भाव वृद्धि गर्ने पर्व भएकाले त्यसै अनुरुप मनाउन पनि समितिले आह्वान गरेको छ ।

## न्यूनतम पारिश्रमिक लागू गराएरै छाड्छु : सञ्चारमन्त्री गुरुङ

*झापा (प्रस)* । सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले सबै सञ्चारगृहहरुमा न्यूनतम पारिश्रमिक लागू गराएरै छाड्ने प्रतिवद्धता जनाएका छन्।
नेपाल पत्रकार महासंघ साना लगानी मिडिया हक हित प्रवर्द्धन तथा संरक्षण समितिका पदाधिकारीहरुसँगको भेटमा मन्त्री गुरुङले यस्तो बताएका हुन्। मन्त्रालयको जिम्मेवारीमा आएदेखि नै सञ्चारमाध्यममा देखिएका समस्या र श्रमजीविहरूले भोग्नुपरेका समस्या समाधानका लागि काम गरिरहेको उनले बताए।
मिडिया सञ्चालकहरु न्यूनतम पारिश्रमिक लागू गराउन सकारात्मक रहेको उल्लेख गर्दै उनले श्रमजीविहरुले पनि आचारसंहिताभित्र रहेको आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने आवश्यकता रहेको बताए। कोभिड–१९ बाट संक्रमित सञ्चारकर्मीहरुको सरकारले निःशुल्क र प्राथमिकताका साथ उपचार गराउने प्रतिवद्धता पनि उनले जनाए।
महासंघले कोभिड संक्रमणमा परेका सञ्चारकर्मीहरुलाई निःशुल्क उपचारको व्यवस्था गर्नुपर्ने, जिल्ला हुलाक कार्यालयलाई सक्रिय बनाएर पत्रकार परिचयपत्र प्रदान, नवीकरण, अनलाइन दर्ता र नवीकरणसम्मको व्यवस्था गराउनुपर्ने माग सञ्चारमन्त्री गुरुङसमक्ष राखेको छ। समानुपातिक विज्ञापन प्रणाली लागू नहुँदासम्म स्थानीय र प्रदेश तहबाट उपलब्ध गराइने विज्ञापन समानुपातिक ढंगले वितरण गर्ने वातावरण मिलाउनुपर्ने र लोक कल्याणकारी विज्ञापनवापतको रकम दोब्बर बढाउन पहल गरिदिन महासंघले आग्रह गरेको हो ।विभिन्न सञ्चारमाध्यमले निष्कासन गर्ने, र बेरोजगार बनाउने हर्कत गर्दै आएकोमा त्यसलाई रोकेर कोभिडले समस्यामा परेका सञ्चार गृहलाई पुनर्बहाली र पारिश्रमिक उपलब्ध गराउने वातावरण मिलाउन पहल गर्न पनि माग गरिएको साना लगानी मिडिया हक हित प्रवर्द्धन तथा संरक्षण समितिका संयोजक गोविन्दप्रसाद चौलागाईंले बताए।

यस्तै, प्रदेशस्तरमा समेत सञ्चारग्राम बनाउने कार्यक्रम यथाशिघ्र पहल गर्न, साना लगानीका टेण्डर, सूचना प्रकाशित गर्न पाउने गरी सार्वजनिक खरिद ऐनमा देखिएका जटिलता हटाउन पहल गर्नपनि महासंघले आग्रह गरेको छ। महासंघले ६० वर्ष उमेर पुगेका र २५ वर्षभन्दा बढी समय निरन्तर पत्रकारिता गरिरहेको जेष्ठ सञ्चारकर्मीहरुलाई विशेष कोभिड राहत घोषणासमेत गरी १३ बुंदे ध्यानाकर्षण पत्र मन्त्री गुरुङ बुझाएको छ।


प्रतिदिन

## वर्गीकृत विज्ञापन
















तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४


## राशिफल

**मेष** : आज मित्र वा आफन्तबाट सहयोग मिल्नेछ । भूमिबाटपनि लाभलिन सकिनेछ ।
**वृष** : वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । नयाँ अवसर आउनाले मन प्रसन्न रहनेछ ।
**मिथुन** : धार्मिक महत्वको क्षेत्रमा भ्रमण हुनसक्छ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ।
**कर्कट** : आज धर्म,कर्म, परोपकार तथा समाजसेवामा मन लाग्नेछ । नयाँ काम वा रोजगारको अवसर मिल्नेछ।
**सिंह** : आज आकस्मिक लाभ प्राप्त हुने सम्भावना छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ ।
**कन्या** : आज कठोर परिश्रम गर्नुपर्ने समय छ । अनवास्यक र दैनिक व्यवहारमा खर्च बढ्न सक्छ।
**तुला** : आज कतै घुम्न जाने योजना बन्न सक्छ । बोलीको भरमा कार्य सम्पादन हुनेछ ।
**वृश्चिक** : दौडधूप गर्नु परेपनि लाभ नै हुनेछ । रमाइलो यात्राको योग रहेको छ।
**धनु** : आँटेको काममा सफलता नमिल्न सक्छ। प्रेमी तथा प्रेमिकाको भाषा परिवर्तनले मनमा दुविधा उत्पन्न हुन सक्नेछ।
**मकर** : परदेशमा रहेका आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । वैदेशिक कार्य अघी बढ्नेछ ।
**कुम्भ** : आज विद्या र बुद्धिको विकास हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला ।
**मीन** : पुराना मित्रजन सँग भेटघाट हुनेछ ।